# मिति २०७५।२।२१ मा बसेको प्रदेश मन्त्रिपरिषदको बैठकको निर्णय

१. प्रदेश मन्त्रालय तथा मातहत निकायले २०७५।४।१ देखि लागू हुने गरी रु २०,०००।– भन्दा बढिको खर्च रकम भुक्तानी दिएकोमा सो खर्च सार्वजनिक गर्ने निर्णय भयो ।

२. प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ लाई मन्त्रिपरिषदको प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने निर्णय भयो ।

३. प्रदेश वित्त व्यवस्थापान विधेयक, २०७५ र कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति दिइयो ।

४. प्रदेश खोप सेवा (संञ्चालन तथा व्यवस्थापन) विधेयक सम्बन्धी प्रशासन तथा विधेयक समितिको प्रतिवेदन स्वीकृत गरी उक्त विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिइयो ।